**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल, धनकुटा**
**कोशी प्रदेश ।**

## शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना नं. ०७/०८२-०८३
## प्रथम पटक सूचना प्रकाशन मितिः–२०८२/०९/१३ गते

१ यस जिल्ला अस्पताल धनकुटाकोआ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अस्पतालमा उपचारार्थ भर्ना भइ बेडमा वस्ने अनुमानित ५४७५ जना विरामीहरुको लागिमिति २०८२/१०/०१ गते देखि संवत२०८३ पौष मसान्तसम्म नयाँ आपूर्तीकर्तावाट राशन खरिदको बन्दोवस्ती गर्नुपर्ने भएकाले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाटसिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२. खरिद गरिने राशनको किसिम तथा परिमाण दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) औं दिन अर्थात२०८२।०९।२७ गतेसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ र खरिद गरेको शिलबन्दी दरभाउपत्र मिति २०८२।०९।२८ गते बिहान १२:०० बजेसम्म यस जिल्ला अस्पताल धनकुटामा दाखिल गरिसक्नुपर्नेछ । दाखिल हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० बजे जिल्ला अस्पताल धनकुटामा खोलिनेछ ।

४. दरभाउपत्र फारम खरिद गर्नका लागि पेश गरिने निवेदन साथमा नेपाली नागरिकताको प्रतिलिपी, आ.व. २०८१/०८२ का लागि नवीकरण गरिएको फर्म, संस्था वा सप्लायर्सको दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाण पत्र, आयकर प्रमाण पत्र, स्थायी लेखा नं, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिबार्य संलग्न राख्नुपर्नेछ।

५. दरभाउपत्रदाताले दरभाउपत्र खरीद गर्दा सम्बन्धित कार्यालथको अधिकार प्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेकोदरभाउपत्र खरीद गर्नुपर्नेछ । दस्तखत नभएको र कार्यालयको छाप नभएको दरभाउपत्र कुनै हालतमा मान्य हुने छैन।

६. दरभाउपत्र दर्ता गर्दा प्रोपाईटर वा आधिकारिक प्रतिनिधीले सहिछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।

७. दरभाउपत्र फारम दस्तुर रु.१०००।- रहेको छ ।

८. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको मिति देखि गणना हुने गरी ४५ दिनको हुनेछ।

९. तपशिलमा उल्लेख गरिए बमोजिमकोदरभाउपत्र जमानंत बापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, धनकुटामा रहेको प्रदेश धरौटी खाता ख:२।३, खाता न. २०१०१००२०२०३००००, जिल्ला अस्पतालधनकुटाको कार्यालय कोड नं ३७००२०६०११ मा नगद जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

मेडिकल सुपरिटेण्डेन्ट

१०.दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु कार्यालय प्रतिनिधी र दरभाउपत्र दाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

११.दरभाउपत्र विक्री गर्ने अन्तिम दिन, शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१२.शिलबन्दी दरभाउपत्रमा कबोल गरेको आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ ।अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।

१३.ढिलो गरी प्राप्त अर्थात म्याद नाघी आएको र रीत नपूगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१४.एक फर्म, संस्था वा कम्पनीको नाममा खरीद गरेको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नामवाट दाखिला गर्न पाईने छैन ।

१५.राशन आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

१६.सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार खरिद कर्तामा निहित रहनेछ।

१७.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयंले घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१८.यस सूचनामा छुट हुन गएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनीक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

१९.सुचना सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र जिल्ला अस्पताल धनकुटाको सम्पर्क फोन नं: ०२६-५२२१३५, मो.नं. ९८५२०६१६४१, ईमेलः- dhankutahospital7@gmail.com तथा website: dhankutahospital.koshi.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

२०.दरभाउपत्र फाराम खरीद गर्न फारम दस्तुर जिल्ला अस्पतालधनकुटाको कार्यालय कोड नं ३७००२०६०११,राष्ट्रिय बाणिज्य बैंकमा रहको राजस्व खाता नं १०००१००२०१०१०००१, कार्यालयको नाम जिल्ला अस्पताल, धनकुटा, राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं | कामको विवरण | कुल लागत अनुमान(भ्याट सहित) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानतको मान्य अवधि |
|---|---|---|---|---|---|---|
| १. | DHD/RASAN/SQ-7/082-083 | राशन खरिद | १५,६१,९४४ | ३२,०००/- | १०००/- | ७५ दिन |

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला अस्पताल धनकुटा
कोशी प्रदेश
धनकुटा, नेपाल

मेडिकल सुपरिटेण्डेन्ट